नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

१. यस अधिको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय कार्यान्वयनको अवस्था एवं पछिल्लो समय भएका विपद्का घटनाहरु, खोज तथा उद्दारका लागि भए गरेका कार्यहरु लगायत समग्र विपद् व्यवस्थापनको सम्बन्धमा छलफल, समीक्षा र बिश्लेषण गरियो ।

२. शितलहर जोखिम न्यूनिकरण पूर्वतयारी तथा प्रतिकार्य योजना – २०८२ बैठकमा पेश भई बृहत छलफल भयो । बैठकबाट प्राप्त पृष्ठपोषणका आधारमा संशोधन सहित तयार गरिएको शितलहर जोखिम न्यूनिकरण पूर्वतयारी तथा प्रतिकार्य योजना – २०८२ स्वीकृत गर्ने र सरोकारवाला निकायहरुको समन्वयमा सो को प्रभावकारी कार्यान्वयन गर्ने।

३. शितलहर जोखिम न्यूनिकरण पूर्वतयारी तथा प्रतिकार्य योजना – २०८२ को आधारमा सबै स्थानीय तहहरुले स्थानीय तह शितलहर जोखिम न्यूनिकरण पूर्वतयारी तथा प्रतिकार्य योजना – २०८२ तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४. स्थानीय तहहरु, सुरक्षा निकायहरु, राजनीतिक दल, गैरसरकारी संघ संस्था र नागरिक समाजले टोल र बस्तीस्तरमा समन्वयात्मक रुपमा शितलहरसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । साथै पत्रकार महासंघको समन्वयमा स्थानीय भाषामा सन्देशमूलक सूचना तयार गरी प्रकाशन प्रसारणको व्यवस्था मिलाउने ।

५. सबै स्थानीय तहहरुले डिभिजन बन कार्यालय र सामुदायिक बनहरुसँगको समन्वयमा शितलहर प्रभावित क्षेत्रका विपन्न नागरिकहरुको पहिचान गरी दाउरा खरिद गर्ने । साथै सरोकारवालाहरुसँग समन्वय गरी दाउरा बाल्ने स्थान निर्धारण गर्ने ।

६. सडक डिभिजन कार्यालय तथा स्थानीय तहहरुले आफ्नो कार्यक्षेत्र भित्रका सडकहरुमा सडक बत्ती तथा संकेत चिन्हहरुको उचित प्रबन्ध गर्ने, आवश्यक मर्मत सम्भार गरी चालु हालतमा राख्न आवश्यक कार्य तत्काल संचालन गर्ने ।

७. जिल्ला ट्राफिक प्रहरी कार्यालयले सडक दुर्घटना न्यूनिकरण, सडक अनुशासन कायम गर्न स्थानीय तहहरुसँग समन्वय गरी आवश्यक ब्रेथलाईजर, राडार गन लगायतका उपकरणहरुको व्यवस्थापन गर्ने ।

८. स्वास्थ्य कार्यालयले चिसोजन्य रोगहरुबाट बच्न अपनाउनु पर्ने सतर्कताका सम्बन्धमा स्थानीय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्ने । स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको Rapid Response Team तयारी अवस्थामा राख्ने साथै आवश्यक औषधीहरुको उपलब्धता सुनिश्चत गर्ने ।

९. गैर सरकारी संघ संस्थाहरुले स्थानीय तहहरुको समन्वयमा मात्र राहत वितरण गर्ने । राहत वितरणमा एकद्वार नीति अवलम्बन गर्ने ।

प्रमुख जिल्ला अधिकारी